(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नेपाल एजेन्सी ऐन, २०१४

| संशोधन गर्ने ऐन | लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| | २०१४।११।२ | २०१४।११।१३ |
| १. नेपाल एजेन्सी (संशोधन) ऐन, २०१७ | २०१८।१।१४ | २०१८।१।१६ |
| २. केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ | २०२०।११।१६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[✦] | | २०६६।१०।७ |

२०१४ सालको ऐन नं. १९

2.................

एजेन्सी सम्बन्धी काम नियन्त्रण गर्ने ऐन

एजेण्ट, डिष्ट्रिब्यूटर, स्टकिष्ट, नोमिनी वा रेप्रिजेण्टेटिभहरुले चीज वस्तुहरुको बिक्रीमा अनुचित फाइदा उठाउन नपाउने गर्नको निमित्त सो कामलाई नियन्त्रण र तत्सम्बन्धी अरु व्यवस्था समेत गरी [➾]सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल एजेन्सी ऐन, २०१४" रहेकोछ ।

(२) यो ऐन नेपालभर मुलुकमा तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

---

✦ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

➾ केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) "एजेण्ट" भन्नाले नेपालभर मुलुक वा त्यसको कुनै इलाकाको निमित्त स्वदेशी वा विदेशी फर्मको एजेन्सी लिने व्यक्ति सम्झनु पर्छ र यो शब्दले डिष्ट्रिब्यूटर, स्टकिष्ट, नोमिनी वा रेप्रिजेण्टेटिभ भई काम गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(ख) "रजिष्टर्ड एजेण्ट" भन्नाले यस ऐनको दफा ४ बमोजिम एजेण्टमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गतको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. <u>यो ऐन बमोजिम नाम दर्ता नगराई एजेण्ट भई काम गर्न नहुने</u>: यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम एजेण्टमा दर्ता नगराई कुनै पनि व्यक्तिले एजेण्ट भई काम गर्न पाउने छैन ।

४. <u>एजेण्टमा नाम दर्ता गर्ने</u>: (१) यो ऐन प्रारम्भ भएपछि कुनै एजेण्ट हुन चाहने व्यक्तिले एजेण्टमा आफ्नो नाम दर्ता गराउन तोकिए बमोजिम विवरणहरु खुलाई तोकिएको अधिकारी छेउ दरखास्त दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएको दस्तुर र धरौट दाखिल गराई सो दरखास्तवालालाई तोकिए बमोजिमको कबुलियत गराई एजेण्टमा नाम दर्ता गर्न सक्नेछ ।

(३) यस दफा अन्तर्गत एजेण्टमा नाम दर्ता गर्दा नेपालका नागरिकलाई प्राथमिकता दिइनेछ ।

५. <u>फाँटवारी दाखिल गर्ने</u>: प्रत्येक रजिष्टर्ड एजेण्टले आएको, बिक्री भएको, मौज्दातमा रहेको चीज वस्तु र त्यसको दर भाउको फाँटवारी तोकिएको ढाँचामा तोकिएको समय समयमा अधिकारी छेउ दाखिल गर्नु पर्छ ।

☑६. <u>यो ऐन प्रारम्भ हुनु अघि भई राखेका एजेण्टहरु:</u> यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल सरकारबाट एजेण्ट भई काम गर्ने सम्बन्धमा दिई राखेको सबै स्वीकृतिहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका म्यादभित्र रिन्यू गराउनु पर्छ । सो म्यादभित्र रिन्यू नभए सो स्वीकृतिहरु कायम रहने छैन ।

७. <u>कबुलियत उल्लङ्घन गरेमा हुने दण्ड सजाय:</u> दफा ४ को उपदफा (२) बमोजिम आफूले गरिराखेको कबुलियत कुनै एजेण्टले उल्लङ्घन गरेमा नेपाल सरकारले निजलाई पाँच वर्षसम्म एजेण्टको काम गर्न नदिन वा रु. ५००।–पाँच सय जरिबाना गर्न सक्नेछ ।

८. <u>दफा ३ उल्लङ्घन गरेमा हुने दण्ड सजाय:</u> कुनै व्यक्तिले दफा ३ उल्लङ्घन गरेमा नेपाल सरकारले त्यस्ता व्यक्तिलाई रु. १०००।–सम्म जरिबाना गर्न सक्नेछ ।

९. <u>अरु दण्ड सजाय:</u> माथि दफा दफामा तोकिए बमोजिमका दण्ड सजायहरुमा कुनै प्रतिकूल प्रभाव नपारी यो ऐन वा यस ऐन अन्तर्गतका आदेश वा नियमका कुनै कुरा उल्लङ्घन गर्ने व्यक्तिलाई नेपाल सरकारले २ वर्षसम्म एजेण्टको काम गर्न नदिने वा रु. २००।–सम्म जरिबाना गर्न सक्नेछ ।

१०. <u>आदेश जारी गर्ने तथा नियम बनाउने अधिकार:</u> (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले समय समयमा आदेश जारी गर्न तथा नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती आदेश तथा नियमहरुमा देहायका विषयहरुको व्यवस्था गर्न सकिनेछः–

(क) यो ऐन बमोजिमको अधिकारी तोक्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

☑ नेपाल एजेन्सी (संशोधन) ऐन, २०१७

(ख) एजेण्टमा नाम दर्ता गराउन दिने दरखास्तमा खुलाउनु पर्ने विवरण ।

(ग) कबुलियतको ढाँचा ।

(घ) एजेण्टमा नाम दर्ता गराउन दाखिल गर्नु पर्ने दस्तुर ।

(ङ) एजेण्ट भई काम गर्ने अवधि, सो रिन्यू गर्ने र रिन्यू गराउँदा दाखिल गर्नु पर्ने दस्तुर ।

(च) रजिष्टर्ड एजेण्टले आएको, बिक्री भएको र मौज्दातमा रहेको चीज वस्तु र त्यसको दर भाउको फाँटवारी तोकिएको अधिकारी छेउ दाखिल गर्नु पर्ने समय र त्यसको फाँटवारीको ढाँचा ।

(छ) दफा ४ को उपदफा (१) बमोजिम दिएको विवरणमा केही संशोधन तथा थपघट गर्न वा दफा ४ को उपदफा (२) बमोजिम भएको कबुलियतमा हेरफेर गर्नु पर्दाको कार्यविधि, र

(ज) रजिष्टर्ड एजेण्टले दफा ५ बमोजिम आफूले दाखिल गरेको फाँटवारी बमोजिमको दर भाउमा थपघट गर्नु पर्दाको कार्यविधि ।

११. <u>खारेजी:</u> १९९२ साल श्रावण १० गतेको इस्तिहार खारेज गरिएकोछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

<u>द्रष्टव्यः</u>- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।